नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८०।०४।१९ गते सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड' ज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मातहतका निकायहरुको आ.व. २०७९/८० को वार्षिक प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सह सचिव श्री रेखा दासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मातहतका निकायहरुको आ.व. २०७९/८० को प्रगति, कार्यान्वयमा देखिएका समस्याहरु र सुधारका लागि चाल्नुपर्ने कदमहरु सहितको एकीकृत प्रतिवेदन प्रस्तुत गर्नु भयो ।सो प्रस्तुतिको सन्दर्भमा नेपाल सरकारका मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरु तथा मातहत निकायका प्रमुख एवं प्रतिनिधिहरुले आ-आफ्नो धारणा राख्नु भयो । |

अन्त्यमा बैठकलाई सम्बोधन गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सेन्टर अफ एक्सलेन्सको रुपमा विकास गरी आकर्षणको केन्द्र बनाउन हालको कार्यप्रणालीमा सुधार गरी सामाजिक न्याय, सुशासन र समृद्धि हासिल गर्ने सरकारको अभिष्ट पुरा गर्न थप प्रभावकारी र रणनीतिक ढंगबाट कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

**२०८० साउन १९ गते, शुक्रवार**

**(नारायण प्रसाद भट्ट)**
**प्रवक्ता**

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np